# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
# रेडक्रसग्राम,चितवन

## ढुंगा, गिट्टी, ग्राभेल,वालुवा आदि नदीजन्य पदाथर्को शंकलन/निकासी शूल्क उठाउने सम्बन्धी बोलपत्रको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/९/११)**

प्रदेश सरकार, ३ नं. प्रदेश बाट जारी नदीजन्यपदार्थ (संकलन र उपयोग) सम्बन्धीकार्यविधि, २०७५ स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम् यस कार्यालयवाट आ.व. ०७५/०७६ को ०७५ पौष देखि ०७६ जेष्ठ मसान्त सम्मको लागि तपसिलमा उल्ल्लेख भएको नदी/खोलावाट  निकासी हुने ढंगा,गिट्टी,ग्राभेल,वालुवा  आदि नदीजन्य पदार्थकोशंकलन र निकासी शूल्क उठाउने (जिल्ला भित्र /आन्तरीक) सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल वमोजिम्का शर्तहरुको अधीनमा रही गर्न इच्छुक ब्यवसायी यक्ति तथा संस्थाबाट शिलवन्दी वोलपत्र आब्हान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन भित्र ईच्छुकब्यक्ति, फर्म वाकम्पनीहरुले फर्मको नवीकरणभएको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७४/७५ को करचुक्ताप्रमाणपत्र  र नेपालीनागरिकताको प्रमाणपत्रको प्रमाणितप्रतिलिपीहरु संलग्न गरीतपसिलमा लेखिए वोजिम्को रकम नगदै तिरी (पछि फिर्ता नहुने) निवेदन पेश गरेमा यस कार्यालयवाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।तोकिएको बोलपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा.वैंक भरतपुर स्थित हि.नं. १३१०३०४०१८१०४ मा जम्मा गरेको भौचर बोलपत्र कागजात पेशगर्नुपर्नेछ । ३० औं दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ

२. खरिद गरिएको वोलपत्र फाराम भरी ३१ औं दिनको १२ वजे सम्म आफूले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा.वा.वैंक भरतपुर स्थित हि.नं १३१०३०३००७१०४ धरौटी मा जम्मा गरेको सक्कल वैंक भौचर , नगदै वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त “क” श्रेणीको कुनै वाणिज्य वैंकको कम्तिमा ९० (नब्वे) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी वैंक ग्यारेण्टी संलग्न गरी खाम वाहिर कुन ठेक्का को लागि पेश गरेको, सो प्रष्ट खुलाई शिलवन्दी वोलपत्र दर्ता गर्नु पर्नेछ ।

३ रितपूर्वक दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु ३१ औं दिनको २. ०० वजे वोलपत्रदाता वा निजको प्रतिनिधि र यस न.पा. स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा वाधा पर्नेछैन ।

४. कवोल गरेको ठेक्का रकममा कुनै प्रकारको परिस्थिति देखाई छुट , मिनाहा वा क्षतिपूर्ती दिइनेछैन ।

५. ठेकेदारले कवोल गरेको ठेक्का रकमको ४०% ले हुन आउने रकम प्रथम किस्ता वापत चलानीपूर्जी लिने दिनमैं दाखिला गर्नु पर्ने छ । दोश्रो किस्ता वापत को ३०% रकम ०७५ फाल्गुन मसान्त सम्ममा तथा तेश्रो र अन्तीम किस्ताको वाकी ३०% रकम ०७५ वैशाख मसान्त सम्म वुझाउनु पर्नेछ । ठेकेदारेले चाहेमा प्रथम किस्ता वापतको ४०% रकम वुझाइ सकेपछि वाकी ६०% रकमको लागि २०७६ साल श्रावण मसान्त सम्म म्याद भएको यस कार्यालयको नाममा जारी नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त “क” श्रेणीको कुनै वाणिज्य वैंकको परफरमेन्स वण्ड पेश गर्न सकिनेछ ।

६. कवोल अंकमा थप १३ प्रतिशत मु.अ.कर तथा १.५ प्रतिशत अग्रीम आयकर यस कार्यालयमा वुझाउनु पर्नेछ ।

७. ढुंगा गिट्टी वालुवा लगायत नदी जन्य पदार्थको शंकलन र निकासी शूल्क(जिल्ला भित्र /आन्तरीक)दर प्रति घन फिट रु ६/- (छ) का कायम गरिएको छ

८. वन तथा खोलानालाको प्राकृतिक धार किनारालाई तथा अन्य अवस्थालाई हानी नोक्सानी हुन नपाउने गरी सार्वजनिक स्थल,पुल,सडक,कल्भर्ट, कजवे आदिको पांच/पांचसय मिटर तथा खोलाको दायां वांया पचिस पचिस प्रतिशत भाग छाडेर मात्र Cannalize गरी Cannelभित्र स्वीकृत परिमाणको परिधि भित्र रही खोला/नदीको अवस्था र ढुंगा गिट्टी वालुवाको Deposition को मात्रा हेरी IEE मा उल्लेख भए अनुसार सम्म मात्र गहिराई गरी ढुंगा गिट्टी वालुवा,ग्रावेल झिक्ने वन्दोवस्त ठेकेदार आफैले गर्नुपर्नेछ ।

९. ठेक्का वन्दोवस्तका लागि उल्लेख भएका खोलानालाको अवस्थाको सन्दर्भमा वोलपत्रदाताले स्थलगत भ्रमण गरी जांची बुझी वोलपत्र पेश गरेको मानिनेछ ।

१०. ढुंगा,गिट्टी,वालुवाको उत्खनन्मा स्वीकृत IEE मा व्यवस्था वमोजिम् मझौला मेशिनरी औजारको प्रयोग गर्न सकिनेछ । साथै प्रतिदिन २५० घ.मि.मा नवढ्ने गरी उत्खनन् गर्नु पर्नेछ ।

११. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । वोलपत्र दिदा कुनै किसिमको शर्तनामा मान्य हुनेछैन साथै रीत नपुगी आएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. प्रत्यक महिनाको ७ गते भित्र ढुंगा,गिट्टी , वालुवा उत्खननको मासिक प्रतिवेदन र नगदी रसिदको अर्धकट्टी समेत अनिवार्य रुपमा यस कार्यालयमा पठाउनु पर्नेछ साथै उत्खनन् कार्य २०७५ जेठ मसान्त सम्म गरी सक्नु पर्नेछ ।

१३. ढुंगा,गिट्टी , वालुवा,गेग्रान आदि उत्खनन् गर्दा वातावरणीय सन्तुलनमा असर नपर्ने वन्दोवस्त ठेकेदार स्वयंले मिलाउनु पर्नेछ । वातावरण सन्तुलन वा भू उपयोगिताको दृष्टिकोणवाट वन्यजन्तु,आरक्ष तथा राष्ट्रिय निकुञ्जको निषेधित वन सीमाना भित्रवाट वालुवा ढंगा गिट्टी गेग्रान झिक्न पाइनेछैन । वन तथा वन्यजन्तु आरक्ष र राष्ट्रिय निकुञ्ज सम्वन्धी कानूनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४. ठेकेदारले तोकेको दर भन्दा वढी दरमा र संझौतामा उल्लेख नभएका माल वस्तुउत्खनन् गर्न पाउने छैन ।

१५. यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख हुन छुट भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वातावरण ऐन,नियमावली , नेपाल सरकार तथा प्रदेश नं.३ सरकारवाट जारी भएकोनदीजन्यपदार्थ(संकन र उपयोग) सम्वन्धमाव्यवस्थागर्न वनेको कार्यविधि २०७५ , नगर कार्यपालिकातथानगर सभाकानिर्णयहरुर नेपाल सरकार र प्रदेश नं.३ सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१६. अन्य विस्तृत शर्तहरुको वारेमा वुझ्न यस कार्यालयमा सम्पर्क गर्न सकिने र यो सूचना यस कार्यालयकोwebsite: www.kalikamun chitwan.gov.npमा समेत हेर्न सकिनेछ ।

| आय ठे.नं. | खोलाकोनाम | उत्खनन् हुने क्षेत्रको अक्षांश /देशान्तर | परिमाण (घ.मि.) वार्षिक | न्यूनतम अंक मु.अ.क. र आयकर वाहेक | वोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| २/०७५-७६ | कायर खोला | कायर खेलोको स्वीकृत आंई.इंको तालीका नं.१ मा उल्लेख भए अनुसार (वोलपत्र फाराम साथ उपलव्ध गराइने) | ४६५३५ घ.मि. (१६४३३६८.०१ घ.फिट) | ९८,६०,२०८/- | ३०००/- |

प्रमुख प्रशासकीय अधिकृत

मितिः-२०७५/

/

श्रीमान् प्रमुखप्रशासकीयअधिकृतज्यू,
कालिकानगरपालिका , नगर कार्यपालिकाको कार्यालय, चितवन ।

**विषय : वोलपत्र पेश गरेको ।**

**महोदय,**

यस कालिकानगरपालिका , नगर कार्यपालिकाको कार्यालय, चितवको क्षेत्र भित्र पर्ने कायर खोलामा रहेको ढुंगा, गिट्टी, वालुवा, ग्राभेल आदिनदीजन्यपदार्थ को **शंकलन र निकासी शूल्क उठाउने (जिल्ला भित्र /आन्तरीक)** सम्वन्धमाआ.ब. २०७५/०७६ को लागि ठेक्काबन्दोवस्तगर्ने सम्बन्धीमिति०७५/०९/११गते प्रकाशितभएको सूचनाबमोजिमतपसिलमा लेखिएअनुसार रु.................................. अक्षरेपि..................................मा ठेक्कालिनमन्जुरी भएकोले धरौटीवापत रु.................................................................... को बैक भौचर वा..........................................................................................को वैंक जमानत यसै साथ संलग्न राखीवोलपत्रदाखिला गरेको छु ।

**तपसिल**

**आय ठेक्का नं. २ /०७५-०७६ खोला/नदीको नाम :- कायर खोलामाखोला**

| सि. नं. | कवोल अंक | | धरौटी रु | कैफियत |
|---|---|---|---|---|
| | अङ्क | अक्षरमा | | |
| | | | | |

निवेदक/वोलपत्रदाताको

नाम :-

बाबुको नाम:-

बाजेको नाम:-

फर्म :- छापः-

ठेगाना:-

दस्तखत :- मिति :-

**नोट : १.दर भर्दा अंक र अक्षरमाखुलाउनु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमाअक्षरमा लेखिएकोलाई मान्यतादिइनेछ ।**

**२. दर भर्दा पक्काकालो मसीप्रयोग गर्नु पर्नेछ । फरक फरक रंगको मसीप्रयोग गर्न पाइने छैन ।**

**३. प्रस्तुतवोलपत्रफाराममावोलपत्रदाताको दस्तखत अनिवार्य छ ।**